परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ९ ❑ अंक ३७ २०७८ बैशाख ५ गते आईतवार **Sunday 18, APR, 2021** ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर




२०७७ साल चैत २६ गते देखि शुरु भएको विराट गोल्डकपको फाईनल खेल २०७८ साल बैशाख ४ पंजाव पुलिस क्लव र एपिएफ बीच भएको रोमान्चक खेलमा १ गोलले पंजाव पुलिसलाई पराजित गरी विजय भएपछि सामूहिक फोटो खिचाउँदै एपिएफ टिम । सौजन्य : विराट गोल्डकप

## डाक्टर रोक्काले पाएको सम्मान शुभचिन्तकहरुमा समर्पण

बिराटनगर । न्यूरो अस्पताल विराटनगरमा स्थापनाकाल देखि न्यूरो सर्जनको रुपमा सेवा दिदै आएका डाक्टर यम बहादुर रोक्काले नेपाल सरकारबाट पाएको सम्मान र पदक आफ्ना शुभेच्छुक र शुभचिन्तकहरुमा समपर्ण गर्न चाहेको वताएको छ ।

न्यूरो अस्पतालमा पत्रकार सम्मेलनको आयोजना गरी डा. रोक्काले भने मेरो कार्यको उच्च मुल्याँकन गर्दै नेपाल सरकारबाट गएको हप्ता सुप्रबल जनसेवाश्री मानपदवी प्राप्त गरेको छु त्यो सम्मान र पदक बुवा-आमा, श्रीमति, छोरा-छोरी, विरामी, विरामीका आफन्त, मेरा टीम, प्रदेश १ का चिकित्सकहरु, बुद्धिजीवी, नागरिक समाज, राजनीतिकर्मी, प्रहरी, प्रशासन, पत्रकार, व्यवसायी एवम संघ संस्था, नेपाल चिकित्सक संघ न्यूरो अस्पताल लगायत शुभेच्छुक एवंम शुभचिन्तकहरुमा समपर्ण गर्न चाहेको भन्दै चिकित्सक सेवा प्रति झन उत्साहित भएको वताए ।

डा. रोक्का २०५६ सालमा धरानवाट चिकित्सकीय सेवाको शुरुवात गरी २०६६ साल देखि न्यूरो हस्पिटलमा कार्यरत रहेको छ । रोक्काकाट चिकित्कीय सेवा सिकेर ७ जना डाक्टरहरु अहिले न्यूरो सर्जन भई सकेका छन् । प्रदेश नं. १ मा न्यूरो अस्पताल वाहेक ८ वटा अस्पतालहरु न्यूरो सेवा दिई रहेको छ भने १६/१७ जना न्यूरो सर्जनहरु कार्यरत रहेको वहांका भनाई छ ।

डाक्टर रोक्का न्यूरो सर्जरीमात्र खपिस नभएर अग्रेजी कविता

वांकी अन्तिम पेजमा...

## मानव सेवा आश्रम भवनको शिलान्यास ८ गते बैशाखमा

बिराटनगर । परोपकारी मनहरुको मुठ्ठी-मुठ्ठीको साथ र सहयोगमा संचालन हुँदै आएको मानव सेवा आश्रमलाई घरभाडा मुक्त गराई अपाङ्ग मैत्री पूर्ण वातावरण युक्त भवनको शिलन्याश नयां वर्ष २०७८ साल बैशाख ८ गते हुने भएको छ ।

मानव सेवा आश्रम (मानवता प्रवर्द्धन महाअभियान) प्रदेश नं. १ विराटनगर शाखाले पत्रकार सम्मेलन गरी भवन निर्माण शिलान्यास सम्वन्धी जानकारी गराएका हुन् । मानव सेवा आश्रमको लागि श्री डम्बर सत्सङ सदगुरु कवीर सेवा आश्रमले विराटनगर महानगर पालिका वडा नं. ५ डिपिएस स्कुलको पछाडी ६ कठ्ठा जग्गा मानव सेवा आश्रमलाई प्रदान गरेको जग्गामा भवन शिलान्यास हुन् लागेको मानव सेवा आश्रमका अभियन्ता रामजी अधिकारीले वताए ।

उक्त जग्गामा आश्रमको भवन निर्माण्का लागि मानसेवा आश्रमसँग निरन्तर जोडिएर उत्साहि वर्द्धन गर्दै आईरहेको मानवसेवा आश्रमका सद्भावना दूत मदन कृष्ण श्रेष्ठ, हरिवंश आर्चाय, अभिभावक आनी छोइङ डोल्मा, मनोज गजुरेल, रमेश खरेल, दिपाश्री निरौला, श्रृखला खतिवडा, सरना श्रेष्ठ र सुमित खड्काको उपस्थिती रहने छन् ।

त्यसगरी प्रदेश १ का प्रदेश सरकार, स्थानीय सरकार, प्रशासन, संघसंस्था र महत्वपूर्ण व्यक्तिहरुको बीचमा बैशाख ७ गते प्रविधीकहरुवाट आश्रमका भवन निर्माण प्रस्तुतिकरण र नयांवर्षको शुभकामना आदानप्रदान कार्यक्रम गर्ने भएको छ ।

प्रदेश १ सरकार, विराटनगर महानगर पालिका सहति प्रदेश १ का बासी परोपकारी मानवताप्रेमी मनहरुको प्रत्यक्ष सहभागितामा बैशाख ८ गते विहान शिलान्यास हुने भएकोले मानव सेवा आश्रमको मानवीय स्मारक निर्माण गरि प्रदेश नं. १ को सडक पेटीमा रहेका सहयोगापेक्षी सडक आश्रित मानहरुको व्यवस्थापनमा तन, मन र धनको त्रिवेणीबाट साथ र सहयोग र अभिभावकत्व ग्रहण गर्न आश्रमले आग्रह समेत गरेको छ ।

२०६९ साल भाद्र १३ गते मकवानपुरको हेटौडावाट शुरुवात भएको मानव सेवा आश्रम ७ वटै प्रदेशमा रहेको छ । आश्रमले बेसहारा, अशक्त, असाहाय, अनाथ, अभिभावकविहीन, शारीरिक तथा मानसिक रुपमा कमजोर सडक आश्रित मानवहरुका मानवोचित उद्धार, उपचार, परामर्श, पालनपोषण, पारिवारिक पुनर्मिलन र पुनर्मिलन हुन नसक्नेहरुको लागि लौरी स्वरुपको सहारा बन्दै सेवा कार्यमा समिर्ति रहँदै आइरहेको विशुद्ध सामाजिक संस्था एवंम अभियान हो ।

७ वटै प्रदेशमा सेवा विस्तार गर्ने क्रममा प्रदेश नं. १ लाई केन्द्रित गरेर २०७६ साल भाद्र १३ गते देखि विराटनगर शाखाको शुरुवात गरेको हो । विराटनगर महानगर पालिका वडा नं. १० निटोलियामा सहयोगापेक्षी सडकआश्रित मानहरुको उद्धार गरी सेवा शुरुवात गरेको छ ।

प्रदेश नं. १ सम्पूर्ण जिल्लाहरु वाट उद्धार कार्य गरेपछि ठाउंको अभाव भएकोले बिराटनगर महानगर

वांकी अन्तिम पेजमा...

## खाजाघरबाट मोटर साइकल चोरी

बिराटनगर, बैशाख ३ गते । कटहरी गाउँपालिका वडा नं. १ महेशपुरमा रहेको ठाकुर खाजा घरको अगाडी पार्किङ्गगरी राखिएको मोटर साईकल चोरी भएको छ ।

नयां वर्ष २०७८ र सिरुवा पर्वको उपलक्ष्यमा बैशाख २ गते बिराटनगर महानगरपालिका वडा नं. १ शंकर चौकबाट साथीहरु संग रमाईलो गर्न र खाजा खान गएका यूवाहरु मध्ये सुरेश कुमार कामतको मोटर साईकल वेलुकी ८ बजे चोरी भएको हो ।

सुरेश कुमार कामतको नाममा दर्ता रहेको को ४० प १२०७ नम्बरको कालो रातो रङभएको होण्डा कम्पनीको साईन मोटर

वांकी अन्तिम पेजमा...

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, बिराटनगर
बिरामीहरुको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## लागु औषध..

पानमारी स्थितबाट उनलाई प्रतिबन्धीत औषधी ऋभ्त्ब्मझी घद्धद्ध क्याप्सुल र क्एब्क्एब्क्ष्ल घघघ क्याप्सुल सहित पक्राउ गरी अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय धरानले जनाएको छ ।

प्रतिबन्धीत औषधी आवश्यक कारबाहीको लागी औषधी व्यवस्था विभाग कार्यालय विराटनगर पठाईएको सो कार्यालयले जनाएको छ ।

## मानव..

पालिका वडा नं. ३ पोखरीया र वडा नं. १ मा सेमत घरभाडामा लिई आश्रम संचालन गरेको छ । तीन ठाउं गरी अहिले २ सय ५ जना आश्रममा रहेको छ । जसमा आश्रित लक्ष्मी -महिला) को संख्या ८९ र आश्रित नारायण (पुरुष)को संख्या १ सय १६ रहेको छ ।

प्रदेश नं. १ मा जम्मा उद्धार गरिएको संख्या ४ सय ९३ रहको थियो । जसमध्ये २६ जनाले शरिर छोडिसकेको छ, १ सय ४८ जना पारिवारिक पुनर्मिलन भएको, २७ जना अन्य शाखामा स्थानान्तरण भएको, ८७ जना उपचार, परार्मश पश्चत स्वेच्छाले आश्रम छोडेर गएको छ ।

उक्त भवन शिलान्यास सम्वन्धी जानकारी दिने उदेश्यले गरेको पत्रकार सम्मेलनका अध्यक्ष विराटनर महानगर पालिकाका मेयर भीम पराजुलीले एक वर्षको तलव भत्ता करीब ५ लाख प्रदान गरी मानव सेवा आश्रमको एउटा कोठा वनाउने घोषण गर्दै त्यस मानव मंन्दिर निर्माणमा सवैलाई सहभागीता जनाउँन आग्रह गरेका थिए ।

साथै नेपाल पत्रकार महासंघको प्रदेश र मोरंग जिल्ला शाखाको निर्वाचनमा विजय प्राप्त गरेकाहरुलाई बधाई तथा फूलमाला लगायत सम्मान समेत गरेका थिए ।

## डाक्टर...

लेख्नपनि खपिस हुनुहुन्छ वहांको कविता संग्रहको नाम १०८ पोयम रहेको छ । कविताको भोल्यूम १ र २ प्रकाशित भई सकेको छ भने ३ देखि ७ सम्म प्रकाशन हुने क्रममा रहेको छ ।

पश्चिम नेपालको बाग्लुङमा जन्मेका डा. रोक्का पूर्वी नेपालमा सेवा प्रदान गरी रहेता पनि बाग्लुङको एक विद्यालयलाई सहयोग गरी रहेको जानकारी गराउँदै दुरदराजमा पनि शिक्षाको पहुँच होस भन्ने तर्फ समेत प्रयास गरी रहेको छ ।

सोही अवसरमा न्यूरो अस्पतालका संस्थापक अध्यक्ष डा.बिरेन्द्र कुमार विष्ट र कार्यकारी निर्देशक श्रीमति अनिशा विष्टलाई हार्दिक कृतज्ञता व्यक्त गर्दै २०७८ सालको सम्पूण महानुभावहरुमा हार्दिक मंगलमंय शुभकामना व्यक्त गरेका थिए ।

## खाजाघरबाट..

साइकल चारी भएको भन्दै खोजि गरी दिन जिल्ला प्रहरी कार्यलय मोरङमा जाहेरी दर्ता समेत गरि सकेको मोटर साइकल धनी कामतले बताए ।

मोटर साईकल चोरीको आरोपमा थुनामा रहेका केही अपराधीहरु छुटेपछि फेरी बिराटनगर महानगरपालिका र आसपासका गाउंपालिकाहरुमा मोटर साईकल चोरीका घटनाहरु हुन थालेको एक प्रहरीले वताए ।




हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दुग्ध विकास संस्थान परिवार
कन्चनवारी बिराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
NEURO CARDIO MULTISPECIALITY
HOSPITAL PVT.LTD. BIRATNAGAR

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मदर टेरेसा इगलीस वोडिंग स्कुल
परिवार बिराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मार्टस मेमोरियल माध्यमिक
विद्यालय परिवार बिराटनर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गोल्डेन हस्पिटल परिवार
हस्पिटल चौक बिराटनर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लाईफ गार्ड हस्पिटल
परिवार बिराटनगर




अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश ug\$f ; fy}xfn 98 t yf gzf /fu, painless प्रसुती सेवा, Emergency सेवा नया एंव अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याव सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ X-Ray, ECG,ECHO,USG,HSG,Cystoscopy

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

लैगिंक हिंसाको अन्त्य :

मेरो जीवनको गन्तव्य

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग

परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# कोरोनाको प्रभावबाट बचऔं

एक वर्ष पहिले शूरुभएको कोरोनाको प्रभावबाट थाला परेका विश्व समुदाय पुनः दोस्रो चरणको कोरोनाको कहर शूरु भएको छ। पोरसालकै हराहरिमा कोरोनाको लहर यति खेर पनि देखिन थालको छ। पहिलो चरणको कोरोनाको लहर केहि महिना देखि सेलाएर समान्य अवस्था बन्दै गर्दा फेरी दोस्रो लहर शुरु भई सकेको छ। को थियो। यसको प्रभावबाट कसरी सुरक्षित रहने भन्नेमा भने सरोकारवाला सबै निकाय करिबकरिब अन्योलकै अवस्थामा देखिएका छन्। अहिलेको कोरोनाको अवस्थालाई सही मूल्यांकन गरेर सुरक्षित उपाय अवलम्बन गर्न सकेनौं भने कोरोनाले फेरि एकपटक सबैलाई एकैसाथ लाग्ने पक्का-पक्की छ। त्यसैले सरकारको मुख ताक्नु भन्दा पनि आफै सचेत रहन आवश्यक छ। किन भने सरकारको आदेश समेत अहिले निजी क्षेत्रले मान्ने अवस्था छैन। सरकारले आदेश गरेपनि केही व्यपारीले चलाएको देशमा निजी क्षेत्रले त्यसको वेवास्ता गर्दै आएको छ । तसर्थ सरकारलाई दबाब दिँदै आफैं र अरुलाई समेत सुरक्षित हुने तिर सोच्नु पर्ने भएको छ।

कोरोना परिक्षणको लागि गरिने पीसीआर परीक्षण कूल संख्याको २ देखि १२ प्रतिशतसम्म देखियो भने त्यसलाई सामान्य ठानिन्छ। नेपालमा पनि संक्रमणको सुरुवाती दिनमा यस्तै देखियो। त्यतिखेर कूल परीक्षण गरिएकामध्ये मुस्किलले पाँच प्रतिशतमा पनि कोरोना पोजेटिभ देखिएन। यसले गर्दा परीक्षणका नाममा अनावश्यक खर्च भएको तर्क पनि भए तर परिस्थति उल्टिएको छ। कोरोना संक्रमणको जोखिमले पारो अगाडी देखिएको छ। नेपालका मुख्य शहर र भारतको सिमानसंग जोडिएका नामामा कोरोनाको असर विशाल देखिएको तथ्यांकहरुले देखाई रहेको छ। यस्तै अवस्था थप एकदुई दिन रह्यो भने ती ठाउँमा नियन्त्रण नै गर्न नसक्ने गरी कोरोना संक्रमण फैलिरहेकोक छ। सरकार र अरुको कुनै संघ संस्थाहरुको मुख नताकी स्वास्थ्य सुरक्षाको मापदण्ड अनुसार सावधानी अपनाउन सकियो भने मात्र कोरोनाको संक्रमणवाट जोगिन सकिन्छ।

नेपालको दक्षिणी छिमेकी देश भारतमा उच्च दरमा कोरोनाको संक्रमण फैलि केही राज्य र शहरहरुमा फेरी पनि लकडाउन शुरु भईसकेको छ। जसको स्वाभाविक असर नेपालमा पनि पर्ने पक्का-पक्की छ। संक्रमण र मृत्युदरको अनुपातले थप केही दिन यस्तै गति लिइरह्यो भने छिटै भारत मात्रै नभएर नेपाल पनि संक्रमित र मृत्युदरको हिसाबले कोरोना संक्रमणको उच्च दरको मुलुकमा पर्ने निश्चित छ। शैक्षिक संस्थाहरुले कोरोना संक्रमणवाट बच्च उच्च सतर्कता र स्वास्थ्य मापदण्ड पालन गरेको पाईदैन बजारमा भीड बढिरहेको छ। कोरोना भनेको सामान्य रहे, कोरोना लागरमा समान्य रुपमा ठीक भईहाल्छ भन्ने जस्ता सोच हटाउन जरुरी छ। विश्व भरी कोरोनाले एकै पछि आमजनजीवनलाई प्रभाव पर्ने कोरानालाई समान्य र हल्का ठान्नु आफ्नै भुल हुने छ। त्यसैले स्वास्थ्य सतर्कता र मापदण्ड जस्तो सुकै अवस्थामा पानल गर्नु जरुरी छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# अब प्रत्यक्ष निर्वाचन प्रणालीमा जाऔं

हरि ज्ञवाली

नेपाल पत्रकार महासंघको चुनाव प्रत्यक्ष निर्वाचन प्रणालीबाट सम्पन्न भएपछि अब मुलुकका सम्पूर्ण चुनाव 'प्रत्यक्ष निर्वाचन प्रणाली'मा जानुपर्ने बहस बढ्न थालेको छ। देशभरका १३ हजारभन्दा बढी पत्रकारहरूले नयाँ कार्यसमितिका लागि जिल्लादेखि केन्द्रसम्मका प्रतिनिधिहरूलाई प्रत्यक्ष रूपमै मत दिएर आफ्ना नेता चुने। अघिल्लो निर्वाचनसम्म विधानअनुरूप पार्षदले मात्रै मतदान गर्न पाउने व्यवस्था भए पनि यो पटक साधारण सदस्यले जिल्ला, प्रदेश र केन्द्रका सबै पदाधिकारी एवं सदस्यका लागि प्रत्यक्ष मतदान गरे।

यो नयाँ प्रावधानबाट साधारण मतदाताले आफूहरूले यतिखेर मात्र वास्तविक रूपमा लोकतान्त्रिक अभ्यास गर्न पाएको भन्दै अत्यन्तै उत्साहित देखिए। उनीहरूले यसपटक गौरव अनुभूतिसमेत गरेको पाइयो।

२०६२-६३ सालको जनआन्दोलन पश्चात् नेकपा माओवादीलगायत कतिपय पार्टीहरूले प्रत्यक्ष कार्यकारी निर्वाचन प्रणालीको विषयलाई चर्को रूपमा उठाएकै हुन्। यतिबेला पत्रकार महासंघले विधान संशोधन गरेर सबै साधारण सदस्यले जिल्ला, प्रदेश र केन्द्रका सबै पदाधिकारी एवं सदस्यका लागि प्रत्यक्ष मतदान गर्न पाउने प्रावधान गरेर मुलुकको शासकीय स्वरुप र प्रणालीमा एउटा नयाँ अभ्यास गरेको छ।

यसले सबै राजनीतिक पार्टीका स्थानीय र जिल्लादेखि केन्द्रसम्मको नेतृत्वमा प्रत्यक्ष निर्वाचन प्रणाली लागू गरिनुपर्ने नैतिक दबाब सिर्जना गरिदिएको छ। मुलुकले लिएको लक्ष्य र नागरिकका अपेक्षित आकांक्षा परम्परागत संसदीय व्यवस्थाको शासकीय पद्धतिमार्फत पूरा नभएपछि अब प्रत्यक्ष निर्वाचन प्रणालीमा जानुपर्ने आवाज उठिरहेको सन्दर्भमा त्यसका लागि आवश्यक गोरेटो अवश्य पनि पत्रकार महासंघको निर्वाचनले खोलिदिएको छ।

त्यसो त दोस्रो संविधानसभाको चुनावपश्चात् मुलुकमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीका बारेमा व्यापक बहस चलेको थियो। पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईदेखि विभिन्न राजनीतिक पार्टीका चर्चित युवा नेताहरूले खुलेरै आ-आफ्नो तर्कहरू प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रप्रमुखका पक्षमा प्रस्तुत गरेका थिए।

परम्परागत संसदीय व्यवस्थाले नयाँ नेपालको आवश्यकता पूरा गर्न नसक्ने र देशको राजनीतिक स्थायित्व, जवाफदेही, विकास, समृद्धि र सुशासनका निम्ति परम्परागत संसदीय व्यवस्थाको अन्त्य गरी जनताबाट प्रत्यक्ष चुनिने कार्यकारी प्रमुख र पूर्ण समानुपातिक व्यवस्थापिका संसद अपरिहार्य रहेको तथ्यमा समेत उनीहरूले जोड दिएका थिए। यद्यपि विभिन्न कारणवश त्यतिबेला त्यो सम्भव हुन सकेन।

यतिखेर मुलुक इतिहासकै विशिष्ट मोडमा पुनः आइपुगेको छ। पाँच वर्षका लागि नेपाली नागरिकले दिएको अभिमत कम्युनिष्ट नेताहरूको पदीय महत्वाकांक्षा, व्यक्तिगत इगो र स्वार्थगत चाहनाका कारण धरापमा परेको छ।

प्रधानमन्त्रीद्वारा प्रतिनिधिसभा विघटनको सिफारिशलाई सर्वोच्चले बदर गरी पुनर्स्थापित गरेपछि पनि संसदीय राजनीतिक मार्गचित्र अझै अन्योलग्रस्त अवस्थामै छ। न त संसदको काम कारबाही प्रभावकारी बन्न सकेको छ न त सरकारको स्थायित्वको कुनै भरपर्दो सूत्र नै फेला पर्न सकेको छ। जताततैको अन्योल र आशंकाका कारण मुलुक सकारात्मक दिशाभन्दा नकारात्मक र उल्टो दिशातर्फ लागेको अनुभूति हुन थालेको छ।

मुख्य राजनीतिक दलका शीर्ष नेताहरूको गैरजिम्मेवारी र सरकारको अस्थिरताले दशकौंदेखि थाती रहेको नेपाली जनताको आकांक्षा पूरा हुने संभावना यो अवस्थामा देखिंदैन। त्यति ठूलो त्याग र बलिदानपछि प्राप्त उपलब्धिहरूलाई देश र जनता, विशेषतः भावी पुस्ताको समग्र हितमा संस्थागत गर्नुपर्नेमा नेताहरूको निजी र दलीय स्वार्थको दलदलमा मुलुक फसिरहेकै छ। जनतामा निराशा झन् बढ्दो छ। विडम्बना यही नै हो।

ठूलो त्याग र बलिदानीपछि पनि नेपालका राजनीतिक दलहरू निजी र फगत दलीय स्वार्थभन्दा माथि उठ्न सकेका छैनन्। मुलुकको राजनीतिक व्यवस्थापन र राज्य सञ्चालनको सीपमा सबैजसो दलका शीर्ष नेताहरू नराम्ररी चुकिसकेका छन्। उनीहरूका यस्ता गतिविधिले नेपाली राजनीतिज्ञको इच्छाशक्ति, क्षमता, इमानदारी र नियतमा समेत प्रश्न उठिरहेकै छ।

आफ्नो शासन टिकाउनका लागि बलियो गठबन्धन बनाउन अन्य दलसँग असम्भव तथा अनावश्यक सम्झौता गर्ने, नाजायज मागहरू पूरा गर्ने र गठबन्धन बनाउने विगतको प्रवृत्तिगत इतिहास र वर्तमानको यथार्थगत परिस्थिति यतिखेर पनि विद्यमान छ। राज्यसत्ताको स्वार्थका कारण प्रधानमन्त्री र सम्बन्धित पार्टीहरूका तमाम क्रियाकलापले जनताका आकांक्षा र चाहना निरन्तर ओझेलमा परेका पर्‍यै छन्।

संसदीय प्रणालीलाई गणतन्त्रको उपज मान्ने पार्टीहरू जनताको मतलाई सरकार बनाउने र गिराउने खेलमा प्रयोग भइरहेका छन्। बहुमत पुर्‍याउने वा सत्ता टिकाउने बहानामा जनताको मत करोडौंमा संसदमा बिक्ने बिकाउने संसदीय विकृतिले पुनः निरन्तरता पाउने हो कि भन्ने आशंका बढिरहेकै छ।

हामीले विगत ७० वर्षदेखि ग्रहण र सुधार गर्दै आएको भनिएको संसदीय व्यवस्थाको शासकीय पद्धतिले सही ढङ्गले काम गरेको छ कि छैन ? कतै त्यो प्रणाली पुरानो र कामै नलाग्ने त भएको छैन ? संसदीय शासनपद्धतिको भरपूर प्रयोगबाट मुलुकमा राजनीतिक अस्थिरता, अस्वस्थ खेल र आर्थिक विपन्नता बाहेक अरू के हात पर्‍यो ? अब मिहिन समीक्षा गरी तत्काल ठोस निर्णयमा पुग्नु अपरिहार्य देखिन्छ।

शासन प्रणालीको अस्थिरता, अनुत्तरदायी सरकार र नतिजामुखी शासनको अभावमा संसदीय प्रणालीले अतिवादी र विभाजनकारी राजनीतिक शक्तिहरूलाई प्रश्रय दिन थालेको छ। मुलुक असफल देशका रूपमा परिणत हुने हो कि भन्ने त्रास नागरिकमा बढेको बढ्यै छ।

नेपालमा २००७ सालदेखि अहिलेसम्म पटक-पटक गरेर कुल ३६ वर्ष संसदीय शासन प्रणाली कायम रहेको देखिन्छ। तर अहिलेसम्म कुनै पनि कार्यकारी प्रधानमन्त्रीले आफ्नो पूरा कार्यकाल नेतृत्व गर्न पाएको वा सकेको इतिहास भेटिंदैन। नयाँ संविधान जारी भएको वर्ष दिन बित्न नपाउँदैदेखि नै सरकार गिराउने र फेर्ने खेल शुरू भएका घटना हामीकहाँ ताजै छन्।

२०४६ सालमा प्रजातन्त्र पुनर्स्थापनापश्चात्का ३१ वर्षमा २६ जनाले मुलुकको प्रमुख कार्यकारी प्रधानमन्त्रीको पद सम्हाल्दै फेरिएको तथ्यले नेपालको अस्थिर राजनीतिक दुरवस्थाको चित्र छर्लङ्ग पारेको छ। यसबाट नेपालमा संसदीय व्यवस्थाको शासकीय पद्धति उपयोगी र प्रभावकारी बन्न नसकेको हो कि भन्ने कुरालाई पुष्टि हुन थालेको छ र यसको विकल्पमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीको आवश्यकतालाई बोध गराएको छ।

### विकृत निर्वाचन पद्धति

आज नेपाली राजनीति एउटा निश्चित वर्गको कब्जामा पुगेको छ। त्यो वर्गले कहिल्यै पनि जनताबाट प्रत्यक्ष अनुमोदन लिनु नपर्ने, निर्वाचनमा पराजित भए पनि पार्टीको नेतृत्व गर्न पाउने कुव्यवस्थाका कारण शीर्ष राजनीतिक नेतृत्व आज आफ्नो गुट र पार्टीमा सीमित भएको छ। केन्द्रीकृत राजनीतिक स्रोतसाधन यो वर्गले कब्जा गरेका कारण नेपाली राजनीति जनमुखी र नतिजामुखी बन्न सकेको देखिंदैन।

हाम्रो निर्वाचन पद्धतिमा यति धेरै विकृति आइसक्यो कि अब मध्यम र निम्न वर्गका मान्छेहरूले चुनावमा टिकट नै नपाउने स्थिति छ। टिकट पाइहाले पनि जित्न सम्भव छैन। घुमाई-फिराई सम्भ्रान्त वर्ग, गुण्डागर्दी र पैसाको खोलो बगाउनेले मात्रै चुनाव लड्ने र जित्न सक्ने परिस्थिति सिर्जना भएको छ।

प्रत्यक्ष निर्वाचित प्रणालीमा राष्ट्रप्रमुख प्रत्यक्ष जनताबाट चुनिएको हुन्छ। यसकारण ऊ जनताप्रति प्रत्यक्ष रूपमा उत्तरदायी हुन्छ। जनताका जनआकांक्षाहरूसँग प्रत्यक्ष रूपमा परिचित हुन्छ। जनता पनि आफैंले कार्यकारी चुन्न पाएकोमा आफूप्रति गर्व गर्छन्। यो नै साँचो अर्थमा लोकतान्त्रिक अभ्यास पनि हो।

निश्चय पनि जनताको प्रतिनिधिले चुन्ने कार्यकारीभन्दा जनताको प्रत्यक्ष निर्वाचनबाट चुनिने कार्यकारी बढी जनउत्तरदायी हुनेछ। प्रत्यक्ष जनताबाट निर्वाचित हुनुपर्ने भएपछि राजनीतिक दलहरू पनि जनताबाट पत्याइएको उम्मेदवार खोज्न बाध्य हुन्छन्। गुट र आर्थिक रवाफमा दिइने टीके प्रथाको अन्त्य हुन सक्छ।

लोकतन्त्रका शक्ति जनताको मत र भावनाको सम्मान र कदर गर्ने व्यवस्था भनेको प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणाली हो भन्ने दाबी गरिन्छ। विगत साढे तीन दशकयता ल्याटिन अमेरिकी

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

# लागुऔषधी सहित तीन जना पक्राउ




बिराटनगर। मोरङ कानेपोखरी गाउँपालिका वडा नं. ७ स्थितबाट प्रतिबन्धित लागुऔषध सहित तीन जना पक्राउ परेका छन।

पक्राउ पर्नेमा रंगेली नगर पालिका वडा नं. ६ का १९ बर्षीय अभिशेख कुमार मण्डल, सुन्दरहरैचा नगरपालिका वडा नं. ७ का १९ बर्षीय सुवाष तामाङ र उर्लाबारी नगरपालिका वडा नं. ६ का २८ बर्षीय अनमोल घिमिरे रहेका छन।

बुधबार को २ ह ३३९६ नम्बरको अटोमा आईरहेका तिनै जनालाई नियन्त्रणमा लिई चेकजाँच गर्दा उनिहरुले अटोको सिट मुनि लुकाई राखेको ५ सय ८८ चक्की नाईट्राभेट लागुऔषध फेला पारी बरामद गरिएको ईलाका प्रहरी कार्यालय पथरीले जनाएको थियो।

पक्राउ परेका मध्ये मण्डल अटो चालक रहेका र उनको समेत संलग्नता रहेको खुल्न आएको छ भने अन्य थप अनुसन्धान समेत भईरहेको उक्त कार्यालयले जनाएको छ।

## ट्रिपरको ठक्करबाट एक जनाको मृत्यु

सुनसरी, चैत्र-२९ गते। सुनसरी ईटहरी १ आपगाछी चौक स्थितमा ट्रिफर पछाडी सार्ने क्रममा ठक्कर लागी पैदल यात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही स्थानका ७२ बर्षीय पुर्ण बहादुर गुरूङ रहेका छन्।

आज दिउसो सभा २ बजे सडक साईडमा रोकी राखेको प्रदेश१-०२-००१ ख ४६६५ नम्बरको ट्रिफर पछाडी सार्ने क्रममा गुरुङलाई ठक्कर दिई घट्नास्थलमानै मृत्यु भएको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ।

ट्रिफर र चालक ईटहरी १९ बरगाछीका २९ बर्षीय अनिल चौधरी प्रहरीको नियन्त्रणमा रहेको सो कार्यालयले जनाएको छ।

## लागु औषध सहित एक जना पक्राउ

सुनसरी। सुनसरी धरान १० का २६ बर्षीय दिनेश खड्कालाई प्रतिबन्धी औषधी सहित पक्राउ गरिएको छ।

आज बिहान ९ बजे धरान ६

वांकी अन्तिम पेजमा...

# साईकल चोरी गर्ने पक्राउ

सुनसरी। सुनसरी ईनरुवा नगरपालिका २ का ५० बर्षीय अश्रुधिन मियालाई साईकल चोरी गरी लादै गरेको अबस्थामा पक्राउ गरिएको छ।

शनिबार बराहक्षेत्र १० प्रकासपुरमा लाग्ने साप्ताहिक हटियाबाट पार्किङ गरी राखेको साईकल चोरी गरी लैजादै गरेको अवस्थामा मियालाई प्रहरीले पक्राउ गरेको हो।

उनको साथ ४ ओटा साईकलको चाबी, साईकल खोल्न प्रयोग गर्ने मास्टर चाबी समेत फेला परेको ईलाका प्रहरी कार्यालय महेन्द्रनगर सुनसरीले जनाएको छ।

# दर्घटनामा परी एकको मृत्यु

झापा। झापा बिर्तामोड नगरपालिका ६ बुट्टाबारी स्थित पुर्व-पश्चिम राजमार्गमा आज बिहान ७ बजे भएको सवारी दुर्घटनामा परी मोटरसाईकल चालक अर्जुनधारा ५ बैसाबारी का ३८ बर्षीय रामकान्त चौधरीको मृत्यु भएको छ।

पुर्व तर्फ जादै गरेको मे१ख २६२७ नम्बरको बसलाई सोही दिशाबाट जादै गरेको मे ४ प ६७४८ नम्बरको मोटरसाईकलले ओभर ट्याक गर्ने क्रममा बसमा ठोकिन गई मोटरसाईकल अनियन्त्रित भई बिपरीत दिशाबाट आउदै गरेको ना४ख ७२८९ नम्बरको ट्रकले ठक्कर दिई घाईते भएका चौधरीको उपचारको लागी ह्य७क्ष् अस्पताल बिर्तामोड पुर्याउन साथ मृत्यु भएको हो।

ट्रक, ट्रक चालक ईलाम देउमाई ६ रक्सेका ४२ बर्षीय निमा शेर्पा र बस, बस चालक मोरङ उर्लाबारी ४ का ३० बर्षीय खड्क बहादुर भुजेल नियन्त्रणमा रहेको ईलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ।

छोरा छोरी दुवै बरावरी त्यसैले दुवैलाई विद्यालय पठाऔ।

## गाऊँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| कैलाश प्रसाद मण्डल | शालो साह | सुवर्ण घिमिरे |
| --- | --- | --- |
| अध्यक्ष | उपाध्यक्ष | प्र.प्रशासकिय अधिकृत |

जहदा गाउँपालिका, गाउँ पालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

## नगरवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| काली प्रसाद दास | मन्जु कुमारी राई | पुरूषोत्तम घिमिरे |
| --- | --- | --- |
| नगर प्रमुख | नगर उप-प्रमुख | प्र.प्रशासकिय अधिकृत |

सुनवर्षि नगरपालिका, नगरपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

## जनहितमा जारी सूचना

नोवेल कोरोना भइरस नामको नयाँ प्रजातिको भाइरसको संक्रमणबाट हुने रोगलाई कोभिड १९ रोग भनिन्छ। जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। हाल नेपाल लगायत विश्वभर नै महामारीको रुपमा तीव्र गतिमा यो रोगको संक्रमण फैलिरहेको छ।

### यसका मुख्य लक्षणहरू

रुघाखोकी लाग्नु, १०४ डिग्री भन्दा माथि ज्वरो आउनु, स्वास फेर्न गाह्रे हुनु, कोभिड १९ प्रभावितदेश वा क्षेत्रबाट आउने मानिसहरुले दुई हप्ता भित्र ज्वरो, खोकी, स्वास फेर्न गाह्रे भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

### बच्ने उपायहरू

एक अर्कालाई अभिवादन गर्दा नमस्कारको प्रयोग गरौ, बेलाबेला साबुन पानीले मिचि-मिचि हात धुने बानी बसालौं, खोक्दा र हाछ्यूँ गर्दा नाक, मुख, रुमाल वा कुहिनाले छोप्ने गरौं।, मास्कको प्रयोग अनिवार्य गरौं।, सामाजिक दुरी कायम गरौं।

१. खुल्ला ठाउँमा दिसा-पिसाब नगरौ, साथै खुल्ला दिसा-पिसाब मुक्त अभियानमा सहयोग गरौं। २. साबुन मपानीले हात धुने बानी बसालौ,, अरुलाई पनि सिकाऔं। ३. कुपोषण न्यूनिकरण गर्न 'हरेक बार खाना चार' लाई प्रवर्द्धन गरौ। ४. विकास निर्माणका काममा जनसहभागित जुटाऔं। ५. बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं। ६ आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| वेदनारायण गच्छदार | सुनिता दहाल साह | विनोद कुमार न्यौपाने |
| --- | --- | --- |
| नगर प्रमुख | नगर उप-प्रमुख | प्र.प्रशासकिय अधिकृत |

दुहवी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, प्रदेश नं. १ सुनसरी

## गाऊँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| रामकुमार कामत | मञ्जिता कुमारी सरदार | राम सुन्दर थापा |
| --- | --- | --- |
| अध्यक्ष | उपाध्यक्ष | प्र.प्रशासकिय अधिकृत |

कटहरी गाउँपालिका, गाउँ पालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

# आगलागीबाट लाखौंको क्षति

विराटनगर। खोटाङ र संखुवासभामा भएको आगोलागीबाट लाखौको क्षेती भएको छ।

सोमबार संखुवासभा धर्मदेबी ६ हुङबुङका नर बहादुर थायुम राईको घरबाट सल्केको आगोले सलमान जिमीको घर र ईन्द्र बहादुर जिमीको कटेरो समेतमा आगोलागी भएको थियो।

उक्त आगोबाट ३ वटा घर तथा घर भित्र रहेका सरसामानहरु, बाख्रा ८ वटा, सुगुर १ गरी अन्दाजी ३५ लाख २९ हजार बराबरको क्षेती भएको छ। आगोलागीको कारण भने खुल्न सकेको थिएन्न। सो आगो प्रहरी र स्थानियको सहयोगमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको थियो।

त्यस्तगरी खोटाङ दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका १ स्थितमा रहेको हर्क राज राईले संचालन गरेको गणेश फर्निचर उद्दोगमा विद्दुतको तार सर्ट भई आगलागी हुँदा फर्निचरका सामानहरु, जेनेरेटर सहित अन्य सरसामान क्षति भएको थियो।

सो आगलागीमा ५० लाख ८६ हजार बराबरको क्षेती भएको थियो। सो आगो दम्कल, प्रहरी, सेना र स्थानियको सहयोगमा नियन्त्रणमा आएको थियो भने दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका ९ ज्यामिरे का कुलमान चुहानको घर र गोठ गुवालीमा आगोलागी हुँदा घर, गोठ जलेर नष्ट भएको थियो।

चौपायमा भेडा(२, बाख्रा ८ वटा, खसी (४ वटा, पाठा(६ वटा, पाठी(२ वटा, कुखुरा(११ वटा जलि मरेका छन्। मानबिय क्षेती नभएको सो आगो प्रहरी र स्थानियको सहयोगमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको थियो।

लैगिक हिंसा अन्त्यः समृद्ध नेपालको गन्तव्य।

# दुर्घटनामा दुई जनाका मृत्यु

बिराटनगर। मोरङ सुन्दरहरैचा नगरपालिका वडा नं.७ बस्ने ६५ बर्षीया मैया श्रेष्ठको टिफरको ठक्करबाट मृत्यु भएको छ।

बुधबार सुन्दरहरैचा नगरपालिका वडा नं. ७ स्थित राजमार्गमा प्रदेश १-०२-००१ ख ८५३० नम्बरको टिफरले पैदल हिडिरहेकी मैयालाई ठक्कर दिदा उनी गम्भिर घाइते भएकी थिईन। गम्भिर घाईते भएकी उनको नोबेल अस्पताल बिराटनगरमा उपचार गर्दागर्दै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको थियो। ठक्कर दिने टिफर र चालक सुन्दरहरैचा नगरपालिका वडा नं. ५ का कुमार भण्डारी नियन्त्रणमा रहेको थियो।

त्यसै गरी मोरङ सुनबर्षी नगरपालिका वडा नं. ८ बस्ने ३० बर्षीय बिरेन्द्र प्रसाद मण्डलको मोटरसाईकल दुर्घटनाबाट मृत्यु भएको छ। सुनबर्षी नगरपालिका वडा नं. ८ स्थितमा बीर ३८ आर ८७९० नम्बरको भारतिय मोटरसाईकल आफै अनियन्त्रित भई दुर्घटना हुदा मोटरसाईकल पछाडी सवार रहेका मण्डलको मृत्यु भएको थियो।

मोटरसाईकल चालक सोही स्थानका २९ बर्षीय चन्दन केवट नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको थियो।



# फरार प्रतिवादी पक्राउ

विराटनगर। उदयपुर त्रियुगा नगरपालिका ११ का ३० बर्षीय गोकर्ण कार्कीलाई लागूऔषध ब्राउन सुगर सहित पक्राउ गरिएको छ।

बिशेष सुचनाको आधारमा सोही स्थानबाट उनलाई लागूऔषध ब्राउन सुगर २ ग्राम १० मिलिग्राम, तौल नाप्ने डिजीटल मेशिन थान १, बिभिन्न कम्पनीका मोबाईल थान १०, सिमकार्ड थान ९ सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

गत माघ १६ गते देखी कार्की ब्राउन सुगर बिक्री बितरण मुद्धाको फरार प्रतिबादी समेत रहेको सो कार्यालयले जनाएको छ।

# थ्रेसरबाट आगलागी हुँदा उन्नाईस लाख बराबरको क्षति

सुनसरी, चैत्र-३० गते। सुनसरी दुहबी नगरपालिका वडा नं. ११ तनमुनामा थ्रेसरबाट आगोलागी हुँदा लाखौको धनमाल क्षेती भएको छ।

सोमनलाल माझीको घर आगनमा थ्रेसर राखी गँहु झारी रहेको अबस्थामा अचानक थ्रेसरबाट आगोलागी हुँदा प्र.-१-००२-००३ त १२५७ नम्बरको ट्याक्टर, थ्रेसर र सोमलाल माझीको घर तथा घरमा रहेका सर-सामान, अन्नपात जलि नष्ट हुँदा अन्दाजी १९ लाख बराबरको धनमाल क्षेती भएको हो।

उक्त आगो दम्कल, प्रहरी र स्थानियको सहयोगमा पुर्ण रुपमा नियन्त्रणमा आएको थियो। आगो निभाउने क्रममा सोही स्थानका ४७ बर्षीय राजेन्द्र शाह समेत घाईते भई उपचारको लागी बिराटनगर पठाईएको ईलाका प्रहरी कार्यालय दुहबीले जनाएको छ।

धुम्रपान मध्यपान आजै देखि त्यागौ र निरोगी रहौं।

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| बालचन्द्र माझी | अमृता कुमारी गच्छदार | डमरुबल्लभ बराल |
|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | प्र.प्रशासकिय अधिकृत |

बुढीगंगा गाउँपालिका, गाउँपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

## नगरवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| दिलीप कुमार अग्रवाल | केशव कुमारी खराल | टोम प्रसाद सुवेदी |
|---|---|---|
| नगर प्रमुख | नगर उप-प्रमुख | प्र.प्रशासकिय अधिकृत |

रंगेली नगरपालिका, नगरपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| हरिलाल सिंह | नसिमा बानु | मनोज कुमार साह |
|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | प्र.प्रशासकिय अधिकृत |

धनपालथान गाउँपालिका, गाउँपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

| शिवनारायण माझी | फूल कुमारी चौधरी | गणेश बहादुर कार्की |
|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | प्र.प्रशासकिय अधिकृत |

ग्रामथान गाउँपालिका, गाउँपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

# मेडिकल पोलिक्लिनिकका संचालक पक्राउ

उदयपुर । उदयपुर बेलका नगरपालिका १ आम्बासी स्थितमा रहेको बेलका मेडिलक पोलि क्लिनिक प्रा.लि. का संचालक सप्तरी चिरहुत गाऊपालिका २ मैनाकडेरी का २६ बर्षीय सुबोध यादबलाई लागूऔषध र नियन्त्रित औषधी सहित पक्राउ गरिएको छ ।

बिषेश सुचनाको आधारमा प्रहरीले शुक्रबार राती सो क्लिनिकमा खानतलासी गदा टरमाडोल हाईड्रोक्लोराईड १ सय ९८ ट्याब्लेट, डाईसीक्लोमाइन डाईड्रोक्लोराईड ५ सय १५ ट्याब्लेट, कफटेब ३ सय ५ ट्याब्लेट, टरमाडोल हाईड्रोक्लोराईड ओपीडोल १ हजार ५ सय २ ट्याब्लेट, प्रेगोउट किट १० ट्याब्लेट, सिलडेनाइफिल ४ ट्याब्लेट, जुनुगरा रेड १२ ट्याब्लेट र नगद रु १ लाख १७ हजार, मोबाईल १ थान बरामद गरेको थियो ।



बरामद गरिएको सामान सहित उक्त क्लिनिकका संचालक यादवलाई पक्राउ गरिएको ईलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाले जनाएको थियो । पक्राउ परेका उनको अनुसन्धान भईरहेको सो कार्यालयले जनाएको थियो ।

# चट्याँङ लागेर २ को मृत्यु

विराटनगर । भोजपुर र तेह्रथुममा चट्याङबाट २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा तेह्रथुम, छथर गाऊपालिका वडा नं.६ असिने बस्ने ९ बर्षीया बालिका रोहीता मगर र भोजपुर षडानन्द नगरपालिका ८ निगुरे बस्ने ६० बर्षीया मनमाया राई रहेका छन् ।

बिहीबार बालिका मगरको आफ्नै घरमा बसिरहेको अवस्थामा चट्याङ लागी बाँया साईडको टाउको देखि घाँटी सम्म जली अचेत अवस्थामा रहेकी उनको उपचारको लागी तयारी हुँदा हुदै राती सभा ११ बजे घरैमा मृत्यु भएको थियो भने राईको सोही दिन आफ्नै घरमा बसीरहेको अवस्थामा अचानक चट्याङ लागी बेहोस भई लडी टाउकोमा चोट लागी घाईते भएकी उनको प्राथमिक स्वास्थ्य केन्द्र मुलपानी गौचरण दिङ्लामा उपचारको क्रममा मृत्यु भएकोजनाएको छ ।

# आगोले जली बृद्धको मृत्यु

तेह्रथुम । तेह्रथुम म्याङलुङ नगरपालिका ३ नागदह बस्ने ७२ बर्षीया फुलमाया ढुंगानाको आगोले जलि मृत्यु भएको छ ।

आज बिहान साढे ९ बजे उनि घरदेखी नजिक आफ्नै बारीमा सुकेका झ्यास, झिक्रा डढाउने क्रममा सो आगो नजिकै रहेको बासभ्याङमा पुगेको थियो । बासभ्याङमा आगो सल्किएको थाहा पाई स्थानिय किशोर प्रसाद सिग्देल र फुलमाया की जेठि बुहारी आई निभाउने क्रममा सोही बासभ्याङमा खोल्सी परेको स्थानमा फुलमायाको शरिरको पुर्णरुपमा कपडा जलिसकी मृत अबस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको छ ।

घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको सो कार्यालयले जनाएको छ ।

कोरोना भाइरस (कोभिड-१९) के संक्रमणसे बचैके लेल समाजिक दुरी कायम करु आर माक्स लगाऔ ।

# अब प्रत्यक्ष...

देशहरूले अपनाएको यो प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीबाट उनीहरूले राजनीतिक स्थायित्व प्राप्त गरिरहेका छन् । उनीहरूले यसलाई स्थायी र प्रभावकारी शासन प्रणालीका रूपमा विकास गर्दै गइरहेका पनि छन् । यही शासकीय पद्धतिबाट उनीहरू राजनीतिक स्थायित्व र आर्थिक समृद्धितर्फ लम्किरहेका छन् ।

एकात्मक र केन्द्रीकृत शासन प्रणालीले सिर्जना गरेका राजनीतिक कुरीति, भ्रष्टाचार र विसंगतिबाट मुक्तिका लागि भन्दै देश संघीय प्रणालीमा गएको भए पनि सम्पूर्ण जनतामा आफ्नो मतको मूल्य र आफ्नो शासन प्रणालीको अनुभव गर्नका निम्ति प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रप्रमुख प्रणालीको आवश्यकता यति खेर अझ बढी अनुभूति भएको छ । संविधानको प्रभावकारिता, संघीयताको सन्तुलन, राजनीतिक स्थिरता र आर्थिक समृद्धिका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको विकल्प देखिंदैन ।

हामीले विगत ७० वर्षदेखि ग्रहण र सुधार गर्दै आएको भनिएको संसदीय व्यवस्थाको शासकीय पद्धतिले सही ढङ्गले काम गरेको छ कि छैन ? कतै त्यो प्रणाली पुरानो र कामै नलाग्ने त भएको छैन ? संसदीय शासनपद्धतिको भरपूर प्रयोगबाट मुलुकमा राजनीतिक अस्थिरता, अस्वस्थ खेल र आर्थिक विपन्नता बाहेक अरू के हात पऱ्यो ? अब मिहिन समीक्षा गरी तत्काल ठोस निर्णयमा पुग्नु अपरिहार्य देखिन्छ ।

तसर्थ, पत्रकार महासंघले थालनी गरेको अभ्यासलाई मुलुकको शासकीय स्वरुपसहित सबै राजनीतिक पार्टीका स्थानीयदेखि केन्द्रसम्मको नेतृत्वका लागि प्रत्यक्ष निर्वाचन प्रणाली लागू गर्न अब ढिला नगर्ने कि ?(ज्ञवाली रूपन्देहीका शैक्षिक अगुवा हुन् ।) अनलाईन खवरबाट

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नरेश राठी
उद्योगी / व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
डि. ए. भी. स्कुल परिवार
रानी, बिराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
वैद्य परमेश्वर मुर्मु
जगदम्बा जडीबुटी सेन्टर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नरेन्द्र पौडेल (प्रमुख)
मालपोत कार्यालय मोरंग परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिनबन्धु गोयल
उद्योगी / व्यवसायी / समाजसेवी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जुगल राठी
गोल्ड सिलभर मार्ट

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विवेक मालपानी
उद्योगी / व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजन खत्री (प्रमुख)
विराट हेल्थ कलेज खारजी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नन्द किशोर राठी
उद्योगी / व्यवसायी